# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ३) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल जेठ ७ गते २०७७ (संख्या १**


## भाग २

## वैतेश्वर अस्पताल फार्मेसी सम्बन्धी कार्यविधि, २०७७

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७७-०२-०२)

**प्रस्तावना :**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नको लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत वैतेश्वर गाउँपालिकाले सञ्चालन गरेको अस्पतालबाट आफ्नै फार्मेसी सेवा सञ्चालन गरि बिरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवम गुणस्तरीय सेवा पुर्याउन आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम वैतेश्वर अस्पताल फार्मेसी सम्बन्धी कार्यविधि ,२०७७ रहने छ ।

(ख) यो कार्यविधि कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागू हुने छ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यपालिका ” वैतेश्वर गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ख) “अस्पताल ” भन्नाल वैतेश्वर गाँउपालिकाले सञ्चालन गरेको सरकारी अस्पताल सम्झनु पर्दछ।

(ग) “फार्मेसी सेवा ” भन्नाले अस्पतालहरुमा सञ्चालनमा रहेका र सञ्चालन गरिने औषधिजन्य पदार्थ वा सामग्रीबाट दिइने सेवा सम्झनु पर्दछ।

(घ) “समिति ” भन्नाले दफा ३ बमोजिम गठित अस्पताल फार्मेसी सञ्चालन समिति सम्झनु पर्दछ।

३. अस्पताल फार्मेसी सञ्चलान समिति : (क) अस्पताल फार्मेसी व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको फार्मेसी सञ्चालन समिति गठन हुनेछ।

(१) अस्पताल प्रमुख -संयोजक

(२) अस्पताल प्रमुखले तोकेको स्वास्थ्य सेवाको कर्मचारी - सदस्य

(३) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(४) खरिद शाखाका प्रमुख -सदस्य

(५) अस्पताल फार्मेसीको कर्मचारी -सदस्य सचिव

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अस्पताल फार्मेसीमा वार्षिक रुपमा आवश्यक पर्ने औषधी र औषधीजन्य पदार्थ वा सामग्रीको वार्षिक खरिद योजना बनाउने।

(ख) आवश्यकता अनुसार औषधी वा औषधीजन्य पदार्थ वा सामग्रीका खरिद एवं आपुर्तिकर्ताको पुर्व योग्यता निर्धारण गर्ने।

(ग) गुणस्तरको विश्वसनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्ने।

(घ) औषधीको प्रतिकुल प्रभाव हुन नदिने

(ङ) अस्पताल तथा फार्मेसी बाट दिने सेवा प्रभावकारी बनाउने।

(च) अस्पताल फार्मेसी बाट वितरण गर्ने औषधीको सूचि सहितको ढाँचा तयार गरी प्रकाशन गर्ने।

(छ) अस्पताल फार्मेसीको समय समयमा निरीक्षण, अनुगमन अस्पताल संचालन तथा व्यवस्थापन समितिले गर्ने। अस्पताल व्यवस्थापन समितिले फार्मेसी व्यवस्थापन समितिलाई व्यवस्थीत रुपमा सञ्चालन गर्न निर्देशन दिन सकिने छ।

(ज) अस्पताल फार्मेसी सेवा सञ्चालन अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने।

५. समितिको बैठक सम्बन्धी व्यवस्था : (क) समितिको बैठक कम्तीमा प्रत्येक एक महिनामा बस्ने छ।

(ख) समितिको बैठक बस्नुभन्दा कम्तीमा बाह्र घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको लागि सूचना पठाई आमन्त्रण गर्नु पर्नेछ।

(ग) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ।

(ङ) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमत बाट हुनेछ। मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

६. औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद प्रक्रिया : औषधी तथा औषधीजन्य सामग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ बमोजिमको प्रकृया अवलम्बन गरी गर्नु पर्ने छ।

७. अस्पताल फार्मेसी को लागि जनशक्ति : (क) अस्पताल फार्मेसी सञ्चालनको लागि आवश्यक जनशक्ति नेपाल सरकारले स्वीकृत गरेका दरबन्दी बमोजिम हुनेछ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थायी जनशक्ति उपलब्ध नहुन्जेल सम्मका लागि फार्मेसी सञ्चालन गर्न सेवा करारमा जनशक्ति लिई सञ्चालन गर्न बाधा पर्ने छैन।

(ग) फार्मेसी सञ्चालनका लागि नेपाल सरकार बाट स्थायी दरबन्दी स्वीकृत भई पदपूर्ति नभए सम्मका लागि देहाय बमोजिमको जनशक्ति रहनेछ :

| क्र.स | अस्पताल/स्वास्थ्य संस्था | क्लिनिकल फर्मासिष्ट | फर्मासिष्ट | फार्मेसी सहायक | सहयोगी |
|---|---|---|---|---|---|
| १ | १५ शैयाको लागि | - | - | २ | १ |

(घ) उपदफा (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्पतालले अस्पतालको शैया, कार्यबोझ र दैनिक कारोबारका आधारमा आधारभुत स्वास्थ्य तथा सरसफाई

ऐन २०७६ को दफा ७ बमोजिम सञ्चालन भएको खाता बाट खर्च हुने गरी जनशक्ति थपघट गर्न सक्नेछ ।

८. अस्पताल फार्मेसीको भौतिक पूर्वाधार : (क) अस्पतालको फार्मेसी सञ्चालनको लागि औषधी वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नु पर्ने छ ।

(ख) औषधि वितरण कक्ष औषधी व्यवस्था विभागले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ ।

(ग)फार्मेसी संचालन गर्ने ठाउँ सर्वसाधारणले सजिलै देख्ने हुनुपर्दछ र सम्भव भएसम्म अस्पतालको अगाडि भागमा हुनुपर्छ ।

(घ) बिरामीलाई परामर्श दिने उपयुक्त व्यवस्था सहितको ठाउँ रहनुपर्ने छ ।

(ङ) विक्री वितरणका लागि अनुपयुक्त, फर्काउनु पर्ने वा म्याद गुज्रेको वा नष्ट गर्नुपर्ने औषधी तथा औषधीजन्य सामग्री, असम्बन्धित व्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(च) औषधी पुर्जा लिने डिस्पेन्स गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँको उपयुक्त व्यवस्था हुनु पर्नेछ ।

(छ) औषधी तथा औषधीजन्य सामग्रीको मौज्दात तथा खपत अभिलेख बिजकीकरण सूचना, लेबल औषधी सम्बन्धि समस्याहरुको जानकारी आदि संलग्न भएको उपयुक्त सफ्टवेयर सहितको कम्प्युटरको माध्यमबाट गर्नुपर्ने छ ।

(ज)नेपाल सरकार बाट प्रदान गरिने निःशुल्क औषधी र औषधीजन्य सामग्रीहरुको सूचि सबैले देख्न सक्ने गरि राख्नुपर्दछ ।

(झ) अस्पताल फार्मेसी सञ्चालनका अन्य पक्ष औषधी विक्री वितरण संहिता, २०७१ र स्वास्थ्य संस्था स्थापना, सञ्चालन र स्तरोन्नती सम्बन्धी मापदण्ड निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(ञ) अस्पताल बाट निःशुल्क प्रदान गर्ने औषधीहरु र सो बाहेकका औषधीहरु स्पष्ट छुटिने गरि फार्मेसीमा राख्नुपर्ने छ ।

(ट) अस्पताल परिसरमा औषधीको व्यापारिक प्रबर्द्धन सम्बन्धी कुनैपनि क्रियाकलाप गर्न पाईने छैन ।तर, औषधिको वैज्ञानीक प्रस्तुति गर्नु पर्दा सामुहिक सहभागिता हुने गरी सभा सम्मेलनको रुपमा समितिको स्वीकृतिमा सञ्चालन गर्न बाधा पुग्ने छैन ।

१०. निःशुल्क वितरण गर्ने औषधी सम्बन्धमा : (क) नेपाल सरकार बाट निःशुल्क बितरण गर्ने भनि तोकिएको औषधि अस्पताल फार्मेसीले निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ख) निःशुल्क वितरणको लागि तोकिएको औषधी र औषधीजन्य सामग्री तथा पर्दाथको आवश्यक्ता अनुसार गाउँपालिकाबाट प्रदान गर्ने अनुदान बाट खरिद गर्नुपर्नेछ।

(ग) कारणबस निःशुल्क वितरण गरिने औषधीको मौज्दात नभएको अवस्थामा त्यस्तो औषधि निशुल्क उपलब्ध गराउन फार्मेसी बाध्य हुने छैन।

तर , निःशुल्क वितरण हुने औषधी र औषधीजन्य सामग्री मौज्दात नभएको जानकारी सम्बन्धीत बिरामीलाई फार्मेसीले लिखित जानकारी दिनु पर्नेछ।

११. निःशुल्क प्राप्त औषधीको वितरण : (क) सबै अस्पतालहरुले कुनैपनि श्रोतबाट निःशुल्क रुपमा प्राप्त भएको वा कुनै कम्पनिबाट बोनस स्वरुप प्राप्त भएको औषधी र औषधीजन्य सामग्रीहरु निःशुल्क रुपमा प्रदान गर्नु पर्दछ।

(ख) औषधि तथा औषधीजन्य सामग्रीहरु निःशुल्क प्राप्त गर्दा अस्पताल फर्मुलरीमा सूचीकृत औषधीहरुमा आधारीत भई औषधी दान वा उपहार प्राप्त गर्न सक्नेछ। यसका अतिरिक्त औषधी व्यवस्था विभागले तोकेको वा विश्व स्वास्थ्य संगठनको औषधी दान वा उपहार प्राप्त गर्ने सम्बन्धी निर्धारित मापदण्ड अनुरुप गर्नुपर्नेछ।

१२. आर्थिक व्यवस्थापन : (क) अस्पताल फार्मेसीको खाता नेपाल सरकारले निर्धारण गरे बमोजिमको खाता बाट सञ्चालन हुनेछ। उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार बाट सञ्चालनका लागि निर्धारण नभएका अस्पताल फार्मेसीको अलग्गै खाता हुनेछ।

(ख) उपदफा (क) बमोजिम खाताको सञ्चालन अस्पताल प्रमुख वा निजले तोकेको व्यक्ति र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ।

(ग) उपदफा (क) बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछन।

(१) संघ प्रदेश बाट प्राप्त रकम,

(२) दैनिक बिक्रीबाट प्राप्त रकम,

(३) गाउँपालिकाबाट प्राप्त रकम,

(४) अन्य संघ सस्था बाट प्राप्त रकम।

(घ) प्रत्येक दिनको कारोबार रकम सोही दिन अथवा भोलीपल्ट मध्यान्ह सम्ममा बैंक दाखिला गरिसक्नु पर्नेछ ।

(ङ) औषधी विक्रीको कूल रकम अस्पतालको मूल खातामा जम्मा गर्नु पर्नेछ।

१३. ब्राण्ड तोकी सिफारिश गर्न नहुने :(क) विशेष औचित्य भएमा बाहेक बिरामीलाई खास ब्राण्ड तोकी सिफारिश गर्न हुदैंन।

(ख) अस्पताल फर्मुलरी तयार नभएसम्म औषधि तथा औषधिजन्य सामग्री र पदार्थको सूची तयार गरी कार्य गर्नुपर्ने ।

(ग) अस्पताल फर्मुलरीमा अत्यावश्यक औषधीको राष्ट्रिय सूचीमा समावेश भएका औषधिहरुलाई प्राथमिकता दिनु पर्ने ।

१४. निर्देशन दिन सक्ने : यस कार्यविधिमा उल्लेख गरिएका बाहेक गाउँपालिकाले समयसापेक्ष फार्मेसी सञ्चालन सम्बन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ ।

१५.प्रचलित कानुन बमोजिम हुने : यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।

आज्ञाले

शालिकराम फुयाल

प्रमुख प्रशासकीय अधिकृत